नेपाल सरकार मन्त्रिपरिषदबाट स्विकृत मिति २०७४/०२/०८
नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०७६/३/१२ मा प्रथम संशोधन

# सशस्त्र द्वन्द्वमा घाईते भई अपाङ्गता भएका व्यक्तिहरुकोअपाङ्गता प्रतिशत निर्धारण तथा पुनरावलोकन कार्यविधि २०७४

## पृष्ठभुमीः

सम्वत २०५२ फाल्गुन १ देखि २०६३ मंसिर ५ सम्म भएको सशस्त्र द्वन्द्वको कारणले घाईते भई अपाङ्गता भएका व्यक्तिहरुको घाइते प्रतिशत थपघट हुने गरेको छ। नेपाल सरकारले विभिन्न मितिमा गठन गरेका कार्यदलहरुका प्रतिवेदनमा घाइते/अपाङ्गहरुको अपाङ्गता प्रतिशत तथा श्रेणी सहितको विवरण उल्लेख भएको आधारमा घाइतेहरुलाई आर्थिक सहायता तथा जीवन निर्वाह वृत्ति उपलब्ध गराउदै आएको छ। तर समयको अन्तरालमा घाइतेहरुको अवस्थामा हेरफेर हुने भएकोले त्यस्ता घाइतेहरुको अपाङ्गताको प्रतिशत एवं श्रेणीको पुनरावलोकन गरी यथार्थ अवस्था कायम गर्न आवश्यक भएको हुदा नेपाल सरकारले यो कार्यविधि तयार गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम सशस्त्र द्वन्द्वमा घाइते भई अपाङ्गता भएका व्यक्तिहरुको अपाङ्गता प्रतिशत निर्धारण तथा पुनरावलोकन कार्यविधि, २०७४ रहेको छ।

(२) यो कार्यविधि नेपाल सरकारबाट स्वीकृत भएको मिति देखी लागू हुनेछ ।

**२. परिभाषा :** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यदल" भन्नाले २०५२ फागुन १ देखी २०६३ मंसिर ५ सम्म भएको सशस्त्र द्वन्द्वको कारणले घाइते भई अपाङ्गता भएका व्यक्तिहरुको विवरण संकलन एवं परीक्षण गर्न नेपाल सरकारले समय समयमा गठन गरेको विभिन्न कार्यदल सम्झनु पर्दछ।

(ख) "प्रतिशत पुनरावलोकन " भन्नाले द्वन्द्वको क्रममा घाइते भई अपाङ्गता भएका व्यक्तिहरुको साविकको अपाङ्गता प्रतिशतमा भएको थप घट सम्झनु पर्दछ।

(ग) "प्रतिशत निर्धारण " भन्नाले घाइते अपाङ्गको प्रतिशत निर्धारण भई नसकेका तर कार्यदलको प्रतिवेदनमा घाइते अपाङ्ग भनि सूचीकृत भएका व्यक्तिहरुको अपाङ्गता प्रतिशत निर्धारणको कार्यलाई सम्झनु पर्दछ।

(घ) "सशस्त्र द्वन्द्व" भन्नाले सम्वत २०५२ साल फागुन १ देखी २०६३ साल मंसिर ५ गते सम्म राज्य पक्ष र तत्कालिन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको सशस्त्र द्वन्द्व सम्झनु पर्दछ।

(ङ) "पुनरावलोकन सिफारीश समिति " भन्नाले कार्यदलको प्रतिवेदनमा घाइते अपाङ्गताको सूचीमा नाम समावेश भएका व्यक्तिहरुको प्रतिशत निर्धारण तथा पुनरावलोकनको लागि जिल्ला स्तरमा गठित पुनरावलोकन सिफारीश समिति सम्झनु पर्दछ।

(च) ''प्राविधिक समिति'' भन्नाले पुनरावलोकन सिफारिश समितिले गरेको सिफारिश परीक्षण गर्ने प्रयोजनको लागि [1]स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा रहने प्राविधिक समिति सम्झनु पर्दछ ।

(छ) मन्त्रालय भन्नाले [2]गृह मन्त्रालय सम्झनु पर्दछ ।

**३. घाइते अपाङ्गताको पुनरावलोकन गर्ने :** [3](१) स्थायी र अस्थायी प्रकृतिको घाइते अपाङ्गता व्यक्तिहरुको पहिचान तथा एकिन गरिनेछ । स्थायी खालको घाइते अपाङ्गता व्यक्तिहरुहरुलाई पटक पटक पुनरावलोकन गरिरहनु पर्ने छैन । अस्थायी घाइते अपाङ्गता व्यक्तिहरुको मात्र घाइते अपाङ्गताको प्रतिशत हरेक दुई दुई बर्षमा पुनरावलोकन गरिनेछ । स्थायी र अस्थायी प्रकृतिको घाइते अपाङ्गता व्यक्तिहरुको एकीन गर्ने सम्बन्धमा घाइते अपाङ्गता भएका व्यक्तिहरुको सम्पूर्ण विवरण आवश्यकतानुसार जाँच गरी बुझि प्राविधिक समितिले निर्णय गरे बमोजिम हुनेछ ।तर सशस्त्र द्वन्द्वका कारण गोली छर्रा वा बमका धमाकाका कारण गम्भीर प्रकारले घाइते भएका विशेष शल्यकृया गरेका तथा गम्भीर समस्या भई नियमित ओषधि सेवन

[1] पहिलो संशोधन कार्यविधि २०७५ द्वारा संशोधित

[2] पहिलो संशोधन कार्यविधि २०७५ द्वारा संशोधित

[3] पहिलो संशोधन कार्यविधि २०७५ द्वारा संशोधित

गरिरहेका घाइतेअपाङ्गको अवस्थामा थप समस्या आएमा तत्काल पुनरावलोकन गर्न सकिने छ ।

(२) [4]कार्यदलमा नाम भएकाहरुले घाइते अपाङ्गताको प्रतिशत नेपाल सरकारबाट सार्वजनिक सूचना प्रकाशन भएको मितिले ३ महिना भित्र १ (एक) पटकको लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा निवेदन दिनु पर्ने छ । यसको सूचना प्रसारण राष्ट्रिय स्तरको पत्रिकाका साथै जिल्ला प्रशासन कार्यालयमार्फत स्थानीय एफ. एम. बाट समेत सूचना प्रशारण गर्ने ।

(३) उपदफा (२) बमोजिम घाइते/ अपाङ्गता भएका व्यक्तिहरुले घाइते अपाङ्गताको प्रतिशत पुनरावलोकनको लागि निवेदन पेश नगरेमा निजलाई नेपाल सरकारले उपलब्ध गराउदै आएको मासिक जीवन निर्वाह वृत्ति रकम रोक्का गरिनेछ।

**४.घाइते /अपाङ्गता प्रतिशत निर्धारण एवं पुनरावलोकन सिफारिश समिति :** (१) कार्यदलको प्रतिवेदनमा घाइते अपाङ्गताको सूचिमा नाम समावेश भएका व्यक्तिहरुको प्रतिशत निर्धारण एवं पुनरावलोकनको लागि जिल्लास्तरमा देहाय अनुसारको घाइते /अपाङ्गता प्रतिशत निर्धारण एवं पुनरावलोकन सिफारिश समिति रहनेछ।

(क) प्रमुख जिल्ला अधिकारी - संयोजक

(ख) जिल्ला समन्वय समितिको प्रमुख - सदस्य

(ग) जिल्ला प्रहरी कार्यालयको प्रमुख - सदस्य

(घ) [5]....

(ङ) सम्बन्धित जिल्ला स्थित अस्पतालको चिकित्सक - सदस्य

(च) प्रमुख ,जनस्वास्थ्य कार्यालय - सदस्य

(छ) [6]सहायक प्रमुख जिल्ला अधिकारी - सदस्य सचिव

---

[4] पहिलो संशोधन कार्यविधि २०७५ द्वारा संशोधित

[5] पहिलो संशोधनद्वारा झिकिएको ।

[6] पहिलो संशोधन कार्यविधि २०७५ द्वारा संशोधित

(२) उपदफा (१) अनुसारको समितिले घाइते अपाङगताको तत्काल गरिएको स्वास्थ्य परिक्षण तथा घाइतेको अवस्थाको सम्बन्धमा अनुसुची-१(क) , [7] १(ख) र ३ मा उल्लिखित मापदण्डको आधारमा प्रतिशत निर्धारण तथा पुनरावलोकन गरी प्राविधिक समितिमा सिफारिश गरि पठाउनु पर्नेछ।

(३) यस कार्यविधिमा उल्लेखित मापदण्ड बमोजिम पुनरावलोकन समितिले प्रतिशत पुनरावलोकन गर्दा कुनै द्विविधि उत्पन्न भएमा प्राविधिक समितिको निर्देशानुसार गर्नु पर्नेछ।

(४) यस कार्यविधि वमोजिम पुनरावलोकन समितिले गरेको सिफारिशमा चित्त नबुझे प्राविधिक समितिमा पुर्नविचारको लागि निवेदन दिन सक्ने छन र प्राविधिक समितिको निर्णय अन्तिम हुनेछ।

(५) समितिले आवश्यकता अनुसार घाइते अपाङ्ग व्यक्तिको अवस्था मूल्याङ्कन गर्नका लागि जिल्ला अस्पताल /अंचल अस्पताल / क्षेत्रिय अस्पतालको चिकित्सकको नेतृत्वमा उपसमिति गठन गर्न सक्नेछ।

**(५) पुनरावलोकन समितिको काम, कर्तव्य तथा अधिकारः** पुनरावलोकन  सिफारिश समितिको काम, कर्तव्य तथा अधिकार देहाय वमोजिम हुनेछ,-

(क) कार्यदलको सिफारिशमा घाइते अपाङ्गताको नाम समावेश भए नभएको रुजु गरि यकिन गर्ने।

(ख) ........[8]

(ग) समितिले अनसुचि-१(क), [9] १(ख) र ३ मा उल्लेखित मापदण्डका आधारमा प्रतिशत निर्धारण तथा पुनरावलोकन गरि कुन श्रेणीको घाइते वा अपाङ्गताको प्रतिशत भित्र पर्न सक्ने देखिन्छ सो सम्बन्धि आफ्नो राय सहित प्राविधिक समिति समक्ष सिफारिश गर्ने

(घ) पुनरावलोकनको सिलसिलमा समितिले आवश्यकता अनुसार थप विशेषज्ञ चिकित्सकको परामर्श समेत लिन सक्ने,

(ङ) समितिले प्राविधिक समिति समक्ष सिफारिश गर्दा सम्बन्धित चिकित्सकको प्रतिवेदन समेत समावेश गर्ने,

**६.प्राविधिक समिति :** (१) जिल्ला स्तरको पुनरावलोकन सिफारिश समितिबाट प्राप्त सिफारिश परिक्षण गरि परिक्षण गर्न [10]स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको देहाय बमोजिमको विशेषज्ञ रहेको प्राविधिक समिति रहनेछ,-

---

[7] पहिलो संशोधन कार्यविधि २०७५ द्वारा संशोधित

[8] पहिलो संशोधनद्वारा झिकिएको ।

[9] पहिलो संशोधन कार्यविधि २०७५ द्वारा संशोधित

(क) प्रमुख, [11]गुणस्तर मापन तथा नियमन महाशाखा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय -संयोजक

(ख) हाडजोर्नी विशेषज्ञ - सदस्य

(ग) स्नायु रोग विशेषज्ञ - सदस्य

(घ) नाक,कान,घाँटी विशेषज्ञ - सदस्य

(ङ) जनरल मेडिसिन विशेषज्ञ - सदस्य

(च) आखा रोग विशेषज्ञ - सदस्य

(छ) शल्य चिकित्सक विशेषज्ञ - सदस्य

(ज) मानसिक रोग विशेषज्ञ - सदस्य

(झ) [12]गृह मन्त्रालयको राहत तथा तथ्याङ्क व्यवस्थापन शाखा प्रमुख - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको प्राविधिक समितिको काम,कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ।

(क) जिल्ला स्तरिय पुनरावलोकन सिफारिश परिक्षण गर्ने,

(ख) पुनरावलोकन समितिको सिफारिश यथार्थ एवं वास्तविक नदेखिपए त्यस्तो घाइते / अपाङ्गलाई झिकाइ पुन परिक्षण गर्ने,

(ग) कुनै घाइते /अपाङ्गको परिक्षणको परिक्षणको सिलसिलामा खास विशेषज्ञको आवश्यकता परेमा त्यस्तो विशेषज्ञ झिकाई निजबाट घाइते / अपाङ्ग परिक्षणको सेवा सहयोग लिने,

(घ) घाइते अपाङ्ग पुनरावलोकन मापदण्डलाई आवश्यकता अनुसार संसोधन गर्नु पर्ने देखिएमा आफ्नो राय सहित केन्द्रिय समिति समक्ष सिफारिश गर्ने,

---

[10] पहिलो संशोधन कार्यविधि २०७५ द्वारा संशोधित

[11] पहिलो संशोधन कार्यविधि २०७५ द्वारा संशोधित

[12] पहिलो संशोधन कार्यविधि २०७५ द्वारा संशोधित

(ङ) घाइते/ अपाङ्गको पुनरावलोकन गरि मापदण्ड वर्गिकरण गरे वमोजिम घाइते /अपाङ्गको प्रतिशत तथा श्रेणी निर्धारण गर्ने,

(च) जिल्ला स्तरिय पुनरावलोकन सिफारिश समितिले घाइते/अपाङ्गको पुनरावलोकन सम्बन्धमा कुनै निर्देशन माग गरेमा अविलम्ब निर्देशन दिने,

(छ) घाइते/अपाङ्गताको स्थितिलाई वास्तविक एवं यथार्थपरक वनाउन आवश्यक अन्य कार्य गर्ने,गराउने।

(ज) घाइते /अपाङ्गहरुको लागि मेडिकल बोर्डको रुपमा समेत काम गर्नुका साथै आवश्यकताअनुसार थप उपचारको सिफारिश गर्ने।

(झ) अनुसुची १(क), [13] १(ख) र ३ मा उल्लिखित मापदण्ड तथा दफा ४ मा उल्लिखित समितिको सिफारिशका आधारमा घाइते अपाङ्गता भएका व्यक्तिहरुको श्रेणी निर्धारण गर्ने।

**७ घाइते/ अपाङ्गता प्रतिशत अनुमोदन केन्द्रिय समिति : (१**) प्राविधिक समितिको सिफारीश अनुमोदन गर्न देहाय बमोजिमको एक केन्द्रिय समिति हुनेछ,-

[14](१) प्राविधिक समितिको सिफारीश अनुमोदन गर्न देहाय बमोजिमको एक केन्द्रीय समिति हुनेछ,-

(क) सचिव , गृह मन्त्रालय - संयोजक

(ख) प्रमुख, गुणस्तर मापन तथा नियमन महाशाखा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय - सदस्य

(ग) सह-सचिव, बजेट तथा कार्यक्रम महाशाखा, अर्थ मन्त्रालय - सदस्य

(घ) सहसचिव, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय - सदस्य

(ङ) सह-सचिव, विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा, गृह मन्त्रालय - सदस्य सचिव

(२) समितिको बैठकमा आवश्यकता अनुसार अन्य निकायबाट प्रतिनिधिहरु आमन्त्रण गर्न सकिनेछ।

[13] पहिलो संशोधन कार्यविधि २०७५ द्वारा संशोधित

[14] पहिलो संशोधन कार्यविधि २०७५ द्वारा संशोधित

(३) समितिले बैठक बस्ने समय,स्थान र बैठक संचालन प्रक्रिया आदि आफै निर्धारण गर्नेछ।

**८. केन्द्रिय समितिको काम, कर्तव्य र अधिकार** :केन्द्रिय समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,-

(क) प्राविधिक समितिको सिफारिश गर्ने,

(ख) प्राविधिक समितिको सिफारिश अस्पष्ट भएमा सो स्पष्ट पार्न प्राविधिक समितिलाई आफ्नो सिफारिश स्पष्ट पार्न लगाउने,

(ग) प्रतिशत वा श्रेणी निर्धारण भएका घाइते/ अपाङ्ग लाई अनुसुचि-२ वमोजिमको ढाँचामा परिचय पत्र उपलब्ध गराउने,

(घ) घाइते/ अपाङ्गताको सम्बन्धमा अन्य नीतिगत निर्णय गरी नेपाल सरकार समक्ष सिफारिश गर्ने।

**९. परिचयपत्रमा प्रतिशत जनाउने** : दफा ७ को घाइते/अपाङ्गता प्रतिशत केन्द्रिय अनुमोदन समितिले घाइतेको पुर्नपरिक्षण पछिको निर्धारित प्रतिशत अनुमोदन गरेको जानकारी प्राप्त भएपछि सम्बन्धित जिल्ला प्रशासन कार्यालयले साविकमा प्राप्त गरेको परिचय पत्रमा हाल कायम भएको अपाङ्गताको प्रतिशत उल्लेख गरि आफ्नो कार्यालयको अभिलेखमा समेत जनाइ परिचय पत्र  प्रमाणित गरी उपलब्ध गराउनु पर्नेछ।

**१०. अन्य प्रयोजनमा प्रयोग गर्ने** : यस कार्यविधिमा उल्लेख भए बाहेक अन्य कुनै घटनामा घाइते भइ अपाङ्गता भएका व्यक्तिहरुको अपाङ्गता प्रतिशत निर्धारण गर्न नेपाल सरकारको स्वीकृतिमा यस कार्यविभिमा उल्लेखित प्रावधानहरु  उपयोगमा ल्याउन सकिनेछ।

**११.कार्यविधि वमोजिम हुने** : यस कार्यविधिमा लेखिएका विषयहरुको हकमा यसै कार्यविधि बमोजिम र यसमा यसमा उल्लेख नभएका विषयहरुको हकमा प्रचलित कानुन वमोजिम हुनेछ।

**१२.बाधा अड्काउ फुकाउने : (१)** स्वास्थ्य उपचारको क्रममा वा अपाङ्गताको कारणले काठमाण्डौ उपत्यका भित्र उपचारमा  रहिरहेका वा बसोवास गरिरहेका घाइते /अपाङ्गहरुको अपाङ्गता प्रतिशत पुनरावलोकनका लागि [15]स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले उपत्यका

[15] पहिलो संशोधन कार्यविधि २०७५ द्वारा संशोधित

भित्रका कुनै जिल्लाको घाइते/अपाङ्गगता प्रतिशत निर्धारण एवं पुनरावलोकन सिफारिश समितिलाई तोक्न सक्नेछ।

(२) यस कार्यविधिको कुनै व्यवस्थाले समितिहरुलाई कार्य सम्पादन गर्न व्यवधान भएमा मन्त्रालयले त्यस्तो वाधा अड्काउ फुकाउने छ ।

[16]१३. विविध :

(क) यस कार्यविधिले सशस्त्र द्वन्द्व लगायत ऐतिहासिक जन आन्दोलन,मधेश आन्दोलनका घाइते अपाङ्गहरुसमेतलाई समेत पुनरावलोकन प्रकृयामा समेट्नेछ।

(ख) शुरुको सूचना(हरु) मा घाइते अपाङ्गता भएका व्यक्तिले निवेदन नदिइ छुट भएका तर पछिल्लो सूचना अनुसार पुनरावलोकन प्रकृयामा समावेश भई निर्णय हुने घाइते अपाङ्गता भएका व्यक्तिले पुनरावलोकनको निर्णय भएको मिति देखि मात्र जीवन निर्वाह भत्ता पाउनेछन् ।

(ग) साविक शान्ति तथा पुननिर्माण मन्त्रालयबाट सूचना प्रकाशित भइ पूनरावलोकन प्रकृयामा रहनु भएकाहरुको पूनरावलोकनको प्रकृयालाई कार्यविधि अनुसार पुनरावलोकन गर्न सकिनेहरुको हकमा गृह मन्त्रालय , राहत तथा तथ्याङ्क व्यवस्थापन शाखाले निरन्तरता दिनेछ ।

(घ) सशस्त्र द्वन्द्वको घाइते तथा अपाङ्गहरुले सार्वजनिक तथा लाभको पदमा रही तलव/भत्ता लगायत सुविधा प्राप्त गरिरहेकाहरुलाई यस कार्यविधि अनुसार सार्वजनिक तथा लाभको पदमा रहेसम्म दोहोरो राहत, जीवन निर्वाह भत्ता दिइने छैन ।

(ङ) मानसिक रोग लागेको घाइते तथा अपाङ्गता भएको व्यक्तिको हकमा अनुसूची १ (ख) अनुसार चिकित्सकले परीक्षण गरी चिकित्सक तथा पुनरावलोकन सिफारिश समितिले सिफारिश गरे अनुसार प्राविधिक समितिले कार्यविधिको प्रकृया अपनाइ आवश्यकतानुसार थप परीक्षण गरी प्रतिशत निर्धारण गरी केन्द्रिय समिति समक्ष सिफारिश गर्ने ।

[16] पहिलो संशोधन कार्यविधि २०७५ द्वारा थप गरिएको

(च) एउटा घाइते तथा अपाङ्गता भएको व्यक्तिको प्रमाणित चिकित्सकीय प्रमाण अनुसार शरीरका भिन्दा भिन्दै भागमा भएको क्षति वा घाइते अपाङ्गताको अवस्थालाई अनुसूची १ (क) र (ख) अनुसार बढीमा २ (दुई) वटासम्म घाइते अपाङ्गता वर्गिकरणको जोडजम्मा गरी सिफारिश गर्न सकिनेछ ।तर अधिकतम घाइते तथा अपाङ्गता प्रतिशत १०० भन्दा बढी हुने छैन ।

(छ) गृह मन्त्रालयको राहत तथा तथ्याकं व्यवस्थापन शाखाले घाइते तथा अपाङ्गता भएका व्यक्तिको अभिलेख अध्यावधिक गर्ने छ ।

(ज) "सशस्त्र द्वन्द्वमा घाइते भई अपाङ्गता भएको व्यक्तिको अपाङ्गता प्रतिशत निर्धारण तथा पुनरावलोकन कार्यविधि, २०७४" को आधारमा घाइते तथा अपाङ्गता प्रतिशत निर्धारण भई सो संग सम्वन्धित निर्देशिका "माओवादी सेनाका घाइते अपाङ्ग लडाकुहरु सशस्त्र द्वन्द्व ऐतिहासिक जनआन्दोलन र मधेश आन्दोलनका घाइते अपाङ्गहरुकालागि पुनस्थापन एवं हेरचाह निर्देशिका २०६८" को आधारमा जीवन निर्वाह भत्ता तथा आर्थिक सुविधा दिंदा जीवन निर्वाह भत्ता वा आर्थिक सुविधा दोहोरो नपर्ने गरि दिने ।

## [17]अनुसुची -१

## घाईते/अपाङ्गताको श्रेणी विभाजन

(१) विशिष्ट अवस्थाका घाइते अपाङ्गहरु– सहयोगी आवश्यक पर्ने वा पुनरावलोकन भई ७५ वा ७५ प्रतिशतभन्दा माथी अपाङ्गता भएको व्यक्तिहरु

(२) प्रथम श्रेणीका घाइते अपाङ्गहरु — आफ्नो दैनिकीको लागि सहयोगी उपकरण ( Assistive Device) को प्रयोग गर्ने वा पुनरावलोकन भई ५० वा ५० प्रतिशतभन्दा माथी ७४ प्रतिशतसम्म अपाङ्गता भएको व्यक्तिहरु

(३) दोस्रो श्रेणीका घाइते अपाङ्गहरु — आफ्नो दैनिक जीवन यापन गर्न सक्ने वा पुनरावलोकन भई २५ वा २५ प्रतिशतभन्दा माथी ४९ प्रतिशतसम्म अपाङ्गता भएको व्यक्तिहरु

(४) तेस्रो श्रेणीका घाइते अपाङ्गहरु — सामान्य चोट भएका वा पुनरावलोकन भई २४ प्रतिशतसम्म अपाङ्गता भएको व्यक्तिहरु

[17] पहिलो संशोधन कार्यविधि २०७५ द्वारा संशोधन गरिएको

## [18]अनुसूची १ (क)

अपाङ्गता प्रतिशत ७५ देखि १०० सम्म

| सि.नं. | घाइते अपाङ्गताको अवस्था | प्रतिशत | Physical and mental condition of CAPs | Percentage |
|---|---|---|---|---|
| १ | टाउकोको चोटका कारण पूर्ण चेतना विहिन अवस्था | १०० | Head injury with vegetative life/state | 100 |
| २ | घाटीको मेरूदण्डको चोटका कारण चारै हात खुट्टा पूर्णरूपमा नचल्ने अवस्थामा | १०० | Complete quadriplegia due to cervical cord injury | 100 |
| ३ | दुवै आँखाको दृष्टि पूर्ण र सदाको लागि गुमेको (नदेख्ने) | १०० | Permanent and complete loss of vision of both the eyes | 100 |
| ४ | दुवै हातको कुमको जोर्नि सम्मको भाग गुमेमा | ९५ | Bilateral shoulder disarticulation | 95 |
| ५ | दुवै नितम्वसम्मको जोर्नि देखिको भाग गुमेमा | ९५ | Bilateral hip disarticulation | 95 |
| ६ | एउटा हातको कुम र एउटा खुट्टाको नितम्वसम्मको भागगुमेमा | ९५ | One shoulder and one hip disarticulation | 95 |
| ७ | शरिरको एकापट्टीको भाग पूर्णरूपमा पक्षघात भएमा | ९५ | Complete hemiplegia (paralysis of one side of body) | 95 |
| ८ | कम्मर भन्दा मुनिको भाग पूर्णरूपमा पक्षघात भएमा | ९५ | Complete paraplegia | 95 |
| ९ | दुवै कुहिनाको जोर्निसम्मको भाग गुमेका वा दुवै पाखुराको हड्डी | ९० | Bilateral disariculation of elbow or bilateral above elbow amputation | 90 |

[18] पहिलो संशोधन कार्यविधि २०७५ द्वारा संशोधन गरिएको

| | | | | |
|---|---|---|---|---|
| | गुमेमा | | | |
| १० | दुवै घुडाको जोर्निसम्मको भाग गुमेका वा दुवै तिघ्राको हड्डी गुमेमा | ९० | Bilateral disariculation of knee or bilateral above knee amputation | 90 |
| ११ | पूर्णरूपमा दुवै हात वा दुवै खुट्टाको पक्षघात भएमा | ९० | Complete paralysis of both upper limbs or both lower limbs | 90 |
| १२ | एउटा हातको कुहिना वा पाखुरा र एउटा खुट्टाको घुडा वा तिघ्रासम्मको भाग गुमेको वा पक्षघात भएमा | ९० | Unilateral disarticulation of elbow or above elbow amputation and unilateral disarticulation of knee or above knee amputation | 90 |
| १३ | एउटा हात र एउटा खुट्टा पूर्ण पक्षघात भएमा | ९० | Complete paralysis of one upper limb and one lower limb | 90 |
| १४ | दुवै हातको कुहिना वा दुवै खुट्टाको घुडा भन्दा मुनिको भाग गुमेको वा पूर्ण पक्षघात भएमा | ८५ | Bilateral below elbow or bilateral below knee amputation or complete paralysis | 85 |
| १५ | दुवै हातको नाडी जोर्निसम्मको भाग गुमेको वा पूर्ण पक्षघात भएमा | ८५ | Bilateral wrist disarticulation or complete paralysis | 85 |
| १६ | दुवै खुट्टाको गोलिगाठोसम्मको भाग गुमेको वा पूर्ण पक्षघात भएमा | ८५ | Bilateral ankle disarticulation or complete paralysis | 85 |
| १७ | एकातर्फको कुम भन्दा मुनिको भाग गुमेको वा पूर्ण पक्षघात भएमा | ७५ | Unilateral disarticulation of shoulder or complete paralysis | 75 |
| १८ | एकातर्फको नितम्व भन्दा मुनिको भाग गुमेको वा पूर्ण पक्षघात भएमा | ७५ | Unilateral disarticulation of hip or complete paralysis | 75 |
| १९ | एकातर्फको कुईना वा माथिको भाग गुमेको वा पूर्ण पक्षघात भएमा | ७५ | Unilateral disarticulation of elbow or above elbow amputationor complete paralysis | 75 |

| | | | | |
|---|---|---|---|---|
| २० | एकातर्फको घुडा वा माथिको भाग गुमेको वा पूर्ण पक्षघात भएमा | ७५ | Unilateral disarticulation of knee or above knee amputationor complete paralysis | 75 |

अपाङ्गता प्रतिशत ५० देखि ७४ सम्म

| सि.नं. | घाइते अपाङ्गताको अवस्था | प्रतिशत | Physical and mental condition of CAPs | Percentage |
|---|---|---|---|---|
| २१ | दुवैतर्फको कानले नसुन्ने शक्ति (९० डी वि माथि) | ७० | Profound hearing loss, both sides(greater than 90 dB) | 70 |
| २२ | एउटा आँखाको दृष्टि पूर्णरुपमा क्षति भएको वा अनुहार विग्रिएको तर अर्को आँखाको दृष्टि सामान्य भएको | ६० | Complete loss of vision in one eye with disfigurement of eye or face with normal vision in other eye | 60 |
| २३ | एउटा आँखाको दृष्टि पूर्णरुपले क्षति भएको तर अर्को आँखा वा अनुहारको सुन्दरता नविग्रिएको | ६० | Complete loss of vision in one eye with no disfigurement eye or face with VA6/13 to <6/6 vision in other eye | 60 |
| २४ | एकातर्फको नाडी भन्दा मुनिको भाग गुमेको वा पूर्ण पक्षघात भएमा | ६० | Unilateral disarticulation of wrist or complete paralysis | 60 |
| २५ | एकातर्फको गोलीगाठो भन्दा मुनिको भाग गुमेको वा पूर्ण पक्षघात भएमा | ६० | Unilateral disarticulation of Ankle or complete paralysis | 60 |
| २६ | नाकको उल्लेखनीय क्षति सहित अनुहार विग्रिएको | ५० | Disfigurement of face including major loss of nose | 50 |
| २७ | एउटा आँखा पूर्ण नदेख्ने तर अर्को आँखाको दृष्टि सामान्य रहेको | ५० | Complete loss of vision in one eye with normal vision in the other eye | 50 |
| २८ | दुवै नाडी मुनिको भाग काम नगर्ने भएमा | ५० | Both wrist drop | 50 |
| २९ | दुवै गोलिगाठो मुनिको भाग काम नगर्ने भएमा | ५० | Both foot drop  or complete injury of Tendo Achilis | 50 |

| | | | | |
|---|---|---|---|---|
| ३० | एउटा हातको नाडी र गोलिगाठो मुनिको भाग काम नगर्ने भएमा | ५० | One wrist drop and one foot drop | 50 |
| ३१ | पूर्ण रूपमा पाठेघर गुमेका महिला | ५० | Loss of uterus in women | 50 |
| ३२ | दुवै स्तन गुमेका महिला | ५० | Loss of both breasts in women | 50 |
| ३३ | दुवै अण्डकोष गुमेका पुरूष | ५० | Loss of both testes in men | 50 |
| ३४ | दुवै हातको बुढीऔला वा चोरी औला गुमेमा | ५० | Loss of both Thumbs or index fingers | 50 |
| ३५ | पोलेको खतको कारणवाट नाडी, अनुहार, घाटी, नितम्व, घुडाको ठाँउमा माशंपेसी खुम्चिन गई प्लास्टिक सर्जनको सुझावमा उपचार नहुने व्यक्तीहरू | ५० | Post burn contracture which cannot be corrected around the wrist, Elbow, Ankle, face, neck, hip and knee (Should be seen and verified by plastic surgeons) | 50 |
| ३६ | पूर्ण रूपमा जिव्रो गुमी आवाज नआउने व्यक्ति | ५० | Loss of tongue with no voice production | 50 |
| ३७ | दुवैतर्फको कानको सुन्ने शक्ति (६१ देखि ९० डी वि) | ५० | Severe hearing loss, both sides (61 to 90 dB) | 50 |

अपाङ्गता प्रतिशत ४९ सम्म

| सि.नं. | घाइते अपाङ्गताको अवस्था | प्रतिशत | Physical and mental condition of CAPs | Percentage |
|---|---|---|---|---|
| ३८ | दृष्टि शक्ति ३/६० देखि ६/६० सम्मको अवस्था | ४० | Severe loss of vision = VA 3/60 to less than 6/60 | 40 |
| ३९ | एउटा कानको सुन्ने शक्ति (९० डी विमाथि) | ४० | Profound hearing loss, one sides (greater than 90 dB) | 40 |
| ४० | दृष्टि शक्ति ६/६० देखि ६/१८ | ३० | Moderate loss of vision= VA 6/60 to less than 6/18 | 30 |
| ४१ | एकातर्फको कानको सुन्ने शक्ति (६१ देखि ९० डी | ३० | Severe hearing loss, one side (61 to 90 dB) | 30 |

| | | | | |
|---|---|---|---|---|
| | वि) | | | |
| ४२ | दुवैतर्फको कानको सुन्ने शक्ति (४१ देखि ६० डी वि) | २५ | Moderate hearing loss, both sides (41 to 60 dB) | 25 |
| ४३ | पूरै दाँत गुमेको व्यक्ति | २५ | Loss of all teeth | 25 |
| ४४ | एउटा हातको नाडी मुनिको भागले काम नगर्ने भएमा | २५ | Single wrist drop | 25 |
| ४५ | एउटा खुट्टको गोलिगाठो मुनिको भागले काम नगर्ने भएमा | २५ | Single foot drop | 25 |
| ४६ | एउटा स्तन गुमेका महिला | २५ | Loss of one breast in women | 25 |
| ४७ | एउटा अण्डकोष गुमेका पुरूष | २५ | Loss of one testis in man | 25 |
| ४८ | घुडाको पाँग्रा गुमेको वा शल्यकृयाद्वारा निकालिएमा | २५ | Patella excision | 25 |
| ४९ | जीवन वचाउनका लागि गरिएका शल्यकृयाहरू (टाँउको, छाती र पेट) | २५ | Lifesaving operation of head, chest and abdomen | 25 |
| ५० | जिब्रोको आंशिक क्षति भई वोल्न गाह्रो पर्ने व्यक्ति | २५ | Injury of tongue with partial loss & difficulty in speaking | 25 |
| ५१ | दुवै कानको वाहिरी भाग गुमेमा | २५ | Loss of both ext ears without hearing loss | 25 |
| ५२ | चोटको खतका कारणले अनुहार विक्षिप्त भएका व्यक्ति (फोटो अनिवार्य) | २५ | Disfigurement of face with scars should provide photograph | 25 |
| ५३ | एउटा हातको बुढी औंला वा चोरी औंला गुमेमा | २५ | Loss of single thumb or index finger | 25 |
| ५४ | दुवै खुट्टाको बुढी औंला वा दोस्रो औंला गुमेमा | २५ | Loss of both great toes or both second toes | 25 |

| | | | | |
|---|---|---|---|---|
| ५५ | हातको बुढी औला र चोरी औलाको टुप्पो गुमेमा | २५ | Disarticulation of thumb and index through interphalengeal joint bilaterally | 25 |
| ५६ | तिघ्रा वा पिडुलाको हड्डी भाचिन गई वाङ्गो भई जोडिएको वा नजोडिएर स्वरूप विग्रीएका व्यक्ति | २५ | Malunited fractures or non union of fractures femur or tibia with deformity. | 25 |
| ५७ | कुनै धातु छर्रा वा गोली शरिर भित्र रहि शरिरलाई हानिको सम्भावना रहेको व्यक्ति(एक्स रे अनिवार्य) | २५ | Pillets or bullets inside the body which is in danger should be proved by X ray | 25 |
| ५८ | चोटपटकको कारणले हड्डीमा दिर्घ संक्रमण भई तीन पटक वा सो भन्दा शल्यकृया गरेमा | २५ | Chronic diseases like chronic Osteomyelis due to injury or operation needs to be operation more than three times | 25 |
| ५९ | एउटा कानको सुन्ने शक्ति (४१ देखि ६० डी वि) | १५ | Moderate hearing loss, one sides (41 to 60 dB) | 15 |
| ६० | खुट्टाको एउटा बुढी औला वा दोस्रो औला पूरै गुमेमा | १० | Loss of single great toe or second toe | 10 |
| ६१ | हातको एउटा बुढी औला वा चोरी औलाको टुप्पो गुमेमा | १० | Disaticulation of interphalengeal joint of thumb or index finger unilaterally | 10 |
| ६२ | एउटा कानको वाहिरी भाग गुमेमा | १० | Loss of one external ear without hearing loss | 10 |
| ६३ | कुनै धातु छर्रा वा गोली शरिर भित्र रहि शरिरलाई हानि नपुर्याउने (एक्स रे अनिवार्य) | १० | Malunited fractures or non union of fractures humerus, radius or ulna | 10 |
| ६४ | मेरूदण्डमा चोट लागि भाचिएको वा स्वरूप विग्रिएका व्यक्ति स्नायुमा असर नपरेको (एक्स रे अनिवार्य) | १० | Spinal injuries which produce deformities like scoliosis and kyphosis due to compression fracture without neurological deficit | 10 |

| | | | | |
|---|---|---|---|---|
| ६५ | हातको बुढी औंला र चोर औंला बाहेक अन्य औंलागुमेको | प्रत्येकको ५ | Loss of other finger (expect thumb and index finger ) | 5 each |
| ६६ | हातको बुढी र चोर औंला बाहेक अन्य औंलाको टुप्पोको जोर्नी गुमेको | प्रत्येकको २.५ | Loss of other finger at or below proximal phalangeal joint(expect thumb and index finger ) | 2.5 each |
| ६७ | खुट्टाको अन्य औंलाहरु गुमाएको वा क्षति भएको | प्रत्येकको १.५ | Other toes(expect thumb and index finger ) | 1.5 each |
| ६८ | माथिका सबै अवस्थाहरु पहिला देखि लागेका चोट पटक वा रोगका कम्प्लीकेशन वा असरलाई यहाँ समावेश गर्न सकिन्छ । यो एउटा निर्देशन मात्र हो । | | Note: All the above conditions are in relation to the different forms of injury alone and is not related to any existing disease conditions.<br>The above conditions are simple guidance and in no case it is intended to be dogmatic. | |
| ६९ | कुनै व्यक्तिको उस्तै दुई अंग मध्ये एउटा मात्र अंग भएकोमा सो समेत गुमेमा दुवै अंग गुमे सरह मानिनेछ । | | | |
| ७० | अनुसूची – १ मा उल्लेख भएका अंग्रेजी र नेपालीमा फरक परिभाषा देखिएमा अंग्रेजीलाई मान्यता दिइनेछ । | | | |
| ७१ | | | It is recommended that a board of three concernment specialist related to the major injury commissioned by the government of Nepal, would give the final decision in case of any disagreement on any of the above description. Such a board would not make a difference of more than 5% in any direction. | |

[19]अनुसूची — १(ख)

सशस्त्र द्वन्द्वको सिलसिलामा भौतिक वा मनोवैज्ञानिक चोट (Trauma) का कारण देखिएका मानसिक समस्याहरु मात्र यस निर्देशिका अन्तर्गत पर्दछन् ।

<u>समयाबधिः</u>

बिरामीहुँदाको समयावधि कम्तिमा दुई बर्षको हुनु पर्नेछ र मुल्याङ्कन प्रयोजनका लागि बिरामीले विगत दुई बर्षयता समस्या झेलेको समयलाई महिनामा किटानी गरिनु पर्दछ ।

<u>मुल्याङ्कन गर्ने निकाय र व्यक्ति</u>

मानसिक स्वास्थ्य परिक्षण तथा उपचार सेवा उपलब्ध स्वास्थ्य विज्ञान प्रतिष्ठान वा सरकारी अस्पतालमा कम्तिमा एक हप्ता भर्ना गरी मनोचिकित्सक तथा चिकित्सा मनोविद्को समूहबाट विस्तृत मानसिक स्वास्थ्य परिक्षण गरे पश्चात मात्र मानसिक अपाङ्गताको मूल्याङ्कन गरिने छ ।

<u>पुर्नमुल्याङ्कन तथा पुनः प्रमाणिकरण</u>

मनोसामाजिक अपाङ्गतालाई हरेक दुई बर्षमा पुनः मुल्याङ्कन तथा पुनः प्रमाणिकरण गरिने छ ।

<u>मुल्याङ्कनका आधार बुँदाहरुः</u>

१. व्यक्तिले आफ्नो ख्याल र हेरचाह गर्न सक्ने/नसक्ने (Self Care) -

(स्कोर ०-१-२-३-४)

यसमा व्यक्तिको आफ्नो शरीरको सरसफाई, लवाई, नुहाई धुवाई, शौचालयको प्रयोग गर्ने क्षमता, खानपिनको ख्याल तथा आफ्नो स्वास्थ्यको ख्याल गर्न सक्ने वा नसक्ने अवस्था पर्दछन ।

२. सामाजिक संबन्ध कायम गर्न सक्ने/नसक्ने (Interpersonal Activities /Social relationship)

(स्कोर ०-१-२-३-४)

यसमा व्यक्तिले सान्दर्भिक तथा सामाजिक हिसावले उपयुक्त तवरले अर्को व्यक्तिसंग अन्तरकृया सुरु र कायम गर्न सक्ने क्षमता पर्दछ ।

३. संचार तथा बुझाइको क्षमता (Communication and Understanding)

[19] पहिलो संशोधन कार्यविधि २०७५ द्वारा थप गरिएको

(स्कोर ०-१-२-३-४)

यसमा व्यक्तिको बोली, लेखाई तथा सांकेतिक रुपले अर्को व्यक्तिसंग गरिने संचार तथा कुराकानी पर्दछ ।

४. काम गर्न सक्ने/नसक्ने (Work)

(स्कोर ०-१-२-३-४)

यसमा रोजगारी, घर धन्दा र शिक्षा आर्जन जस्ता तीन क्षेत्र मध्ये एक बुझ्नु पर्दछ ।

(क) काम र जागिर (काम गराई र रोजगारी र स्वरोजगारी पारिवारीक सरोकार वा अन्य यस्तै) - यसले व्यक्तिको रोजगारीको सिलसिला र पुर्ण रुपमा कुसलतापूर्वक तथा समय भित्र कार्य सम्पन्न गर्न सक्ने क्षमतालाई मापन गर्दछ । यस अन्तर्गत व्यक्तिको रोजगारीको खोजी गर्ने क्षमता समेत बुझ्नु पर्दछ ।

(ख) घर धन्दा (यस अन्तर्गत खाना बनाउने, घरका अन्य सदस्यको ख्याल गर्ने, सर सामानहरुको ख्याल गर्ने जस्ता पारिवारीक जिम्मेवारी) वहन गर्ने कुराहरु पर्दछन् ।

यसले व्यक्तिको जिम्मेवारी बहन गर्ने, घरायसी कार्यहरु कुशलतापूर्वक समय भित्र पूर्ण रुपमा सम्पन्न गर्ने क्षमता मापन गर्दछ ।

(ग) विद्यालय तथा कलेजको कार्य कुशलता - यसले कार्य सम्पादन तथा शिक्षा संवन्धि कार्यलाई मापन गर्दछ ।

<u>हरेक बुदाका लागि छुटयाइएका स्कोर</u>

० - कुनै अपाङ्गता नभएको

१ - सामान्य अपाङ्गता

२ - मध्यम अपाङ्गता

३ - अति असक्त अपाङ्गता

४ - पूर्ण असक्त अपाङ्गता

मानसिक अस्वस्थता अवधि

मनोरोगका लक्षणहरु देखिएको व्यक्तिको विगत दुई बर्ष यताको समयावधि निर्धारण गर्नका लागि सुचना दिने व्यक्तिसंगको अर्न्तवार्ता तथा केश नोट उपलव्ध भएमा सो को प्रयोग गर्नु पर्दछ । (रेन्जः१-४)

समयावधि थपिने स्कोर

| | |
|---|---|
| ६ महिना भन्दा कम | १ |
| ७-१२ महिना | २ |
| १३ - १८ महिना | ३ |
| १८ – महिना भन्दा माथि | ४ |

ग्लोवल अपाङ्गताः

ग्लोवल अपाङ्गता स्कोर (रेन्जः१-२०) = जम्मा अपाङ्गता स्कोर + अवधि गणना स्कोर

प्रतिशत गणनाः

अपाङ्गता प्रतिशत = ग्लोवल अपाङ्गता स्कोर x १००
२०

कल्याणकारी लाभ प्रदान गर्ने प्रयोजनका लागि ४०% को न्युनतम सिमा हुनेछ ।

स्कोर प्रतिशत

| | | |
|---|---|---|
| पूर्ण अशक्त अपाङ्गता (Profound Disability) | २० | १०० |
| अति अशक्त अपाङ्गता (Severe Disability) | १४ देखि २० भन्दा कम | ७०-९९ |
| मध्यम अपाङ्गता (Severe Disability | ८ देखि १४ भन्दा कम | ४०-६९ |
| सामान्य अपाङ्गता (Mild Disability) | १ देखि ८ भन्दा कम | ४० भन्दा मुनी |

फोटो

# अनुसूची -२

## घाइते/अपाङ्गताको परिचय पत्र

| नाम, थर | वतन | घाइते/अपाङ्गताको प्रतिशत तथा श्रेणी | घाइते/अपाङ्गताको कारण | हालसम्म प्राप्त राहत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

...............................................

प्रमाणित गर्नेको हस्ताक्षर

## [20]अनुसूची — ३

जिल्लास्थित तोकिएका कार्यालहरुमा निवेदन दिंदा घाइते तथा अपाङ्गता भएका व्यक्तिहरुले भर्नु पर्ने विवरण

घाइते/अपाङ्गता भएका व्यक्तिको नाम थर:

पूरा ठेगाना:

कार्यदलको प्रतिवेदनमा भएको आफ्नो नामको क्र. सं. : कार्यदलबाट तोकिएको प्रतिशत :

हालसम्म पाएको राहत रु.: राहत प्राप्त गरेको आ. ब. :

हालको समस्या:

| |
|---|
| |

पहिलेको भन्दा फरक प्रतिशत माग गर्नुपर्नाको कारण :

| |
|---|
| |

निवेदकको हस्ताक्षर: मिति :

द्रष्टव्य:

घाइते अपाङ्गता भएको व्यक्तिले जिल्ला स्थित पुनरावलोकनको लागि निवेदन दिंदा जाँच गर्ने चिकित्सक तथा सिफारिस/प्राविधिक समितिलाई कार्य गर्न सहजताको लागि तपसिल अनुसार आवश्यक सम्पूर्ण कागजातहरु निवेदनमा संलग्न गर्नुपर्नेछ :

- घाइते अपाङ्गताको विवरण पुरा देखिने गरी व्यक्तिहरुको फोटो,
- एक्सरे रिर्पोट, अन्य रिपोर्ट
- हाल जाँच गरिएको चिकित्सकको प्रेस्क्रिप्सन र परीक्षण गर्ने चिकित्सकको नाम, थर, र हस्ताक्षर सहित नेपाल मेडिकल काउन्सिलको दर्ता नम्बर उल्लेख गर्नुपर्ने,
- आफूसँग भएको पहिला जँचाएको कागजात र रिपोर्टहरु (भएमा मात्र)

[20] पहिलो संशोधन कार्यविधि २०७५ द्वारा थप गरिएको

- परिक्षण गर्ने चिकित्सकलाई सहजताको लागि आफ्नो घाइते तथा अपाङ्गता, समस्या खुल्ने सम्बन्धीत अन्य प्रमाण